गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
**बागलुङ**

मासिक
# जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्षः ५ | अंकः ३९ | महिनाः ३९ | चैत्र २०८२**

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा चैत्र महिनामा सम्पादीत कार्यक्रम

### अर्धवार्शिक समीक्षा एवम् योजना तर्जुमा गोष्ठी तथा स्वास्थ्य संस्थाहरुको geocode अध्यावधिक एवम् पञ्जीकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले मिति २०८२/१२/१८ र १९ गते स्वास्थ्य कार्यक्रमहरुको अर्धवार्शिक समीक्षा एवम योजना तर्जुमा गोष्ठी तथा स्वास्थ्य संस्थाहरुको geocode अध्यावधिक एवम पञ्जिकरण कार्यक्रम सम्पन्न गरिएको छ। बागलुङ जिल्लामा रहेका प्रादेश अस्पतालका प्रमुख एवम कर्मचारी, १० वटा स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख, आधारभुत अस्पताल, नगर अस्पताल एवम प्राथमिक स्वास्थ्य सेवा केन्द्रका मेडिकल अधिकृत, शाखाका नर्सिङ कर्मचारी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी एवम् "म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" अन्तर्गतका जनस्वास्थ्य अधिकृत लगायतको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको हो। दुई दिने उक्त कार्यक्रममा जनस्वास्थ्यका दृस्टीकोणले महत्वपुर्ण स्वास्थ्य सेवाका सुचकको विश्लेषण, संघ एवम प्रदेश तहका विभिन्न कार्यक्रमका कार्यसंचालन मार्गदर्शन सम्बन्धी पृष्ठपोषण संकलन एवम आगामी आर्थिक वर्षका लागि नदोहोरिने किसिमका आवश्यक कार्यक्रम सम्बन्धी छलफल गरिएको थियो। कार्यक्रममा विभिन्न स्थानिय तहबाट सामुहिक छलफल मार्फत सुरक्षीत मातृत्व, नसर्ने तथा मानसिक रोग, नर्सिङ कार्यक्रमका चुनौती, किटजन्य रोग, आधारभुत अस्पताल सुदृढीकरण, एवम स्वास्थ्यसंस्थाले गरेका नविनतम प्रयास सम्बन्धी महत्त्वपूर्ण जानकारी संकलन गरिएको थियो। आगामी आ.व को कार्यक्रमको योजना तर्जुमा गर्न विशेष महत्व बोक्ने यस कार्यक्रममा उत्साहपूर्ण सहभागीता जनाउनुभएको तथा महत्वपूर्ण सलाह सुझाव दिनुभएकोमा सम्पुर्ण सहभागीलाई धन्यवाद । साथै कार्यक्रम सफल पार्न व्यवस्थापकिय रुपले खटिनुहुने प्रदेश जनस्वास्थ्य कार्यालयको सम्पुर्ण टिम, अनुगमन एवम् सहजीकरणको लागि उपस्थित गण्डकी प्रदेश स्वास्थ मन्त्रालयको सम्पुर्ण टिम एवम सहयोगी संस्था फेयरमेडलाई प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको तर्फबाट विशेष धन्यवाद ज्ञापन गर्दछौं।


















**हाम्रो स्वास्थ्य हामी वरपरको वातावरण,**
**पशुपन्छी,र वनस्पतिसँग गहिरो रुपमा जोडिएको छ ।**





## स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१२/०२ गतेका दिन स्वास्थ्य व्यवस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । ताराखोला गाउपालिका एक अमरभुमि स्वास्थ्य चौकि व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा सन्चालित कार्यक्रममा समितिका सम्पुर्ण सदस्यहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरे, NGDF (SAMBODAN) का सुजन पौडेल र सन्दिप खड्काले सहजिकरण गर्नुभएको थियो भने कार्यक्रमको संचालन दल बहादुर पुलिसाले गर्नु भएको थियो साथै वडाध्यक्ष, जनप्रतिनिधिहरू तथा समितिले स्वास्थ्य सेवा सन्चालनका लागि अझै आफ्नो काम कर्तव्य अनुसार लाग्ने प्रतिबद्दता गर्नु भएको थियो ।








# समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना र काठेखोला गाउपालिकाको समन्वयमा काठेखोला ७ रेश स्वास्थ्य चौकिमा मिति २०८२/१२/०५ गते समुदाय स्तरिय पोषण सम्वद्द सरोकारवालासँगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको छ। १००० दिनका आमा, अन्य परिवारका अभीभावकहरू र स्वास्थ्यक्रमिहरू लगायत ३२ जनाको उपस्थिति रहेको थियो र उक्त कार्यक्रममा पोषण, कुपोषण, माटो, असल खानपान लगायतको विषयमा छलफल गरिएको थियो । जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्मा, काठेखोला गाऊपालिकाका जनस्वास्थ्य अधिकृत सोम राज पाण्डेय र जनस्वास्थ्य अधिकृत रामचन्द्र लामाले सहजिकरण गरनु भएको थियो ।





प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना र गलकोट नगरपालिकाको समन्वयमा गलकोट ६ चरौदी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा मिति २०८२/१२/०६ गते समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको छ। १००० दिनका आमा, अन्य परिवारका अविभावकहरु र स्वास्थ्यकर्मीहरु लगायत ३५ जनाको उपस्थिति रहेको थियो र उक्त कार्यक्रममा पोषण, कुपोषण , माटो र लगायतको विषयमा छलफल गरिएको थियो। जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्मा , गलकोट नगरपालिकाका जनस्वास्थ्य निरीक्षक डिल्ली रमन पुन, नर्सिंग अधिकृत रीमा बोसेल ले सहजिकरण गर्नु भएको थियो ।





**सबै तहका सरकार, सबै नागरिकको तयारी:**
**भूकम्प उत्थानशील नेपाल, अबको जिम्मेवारी !**

**Preparedness of all levels of government, readiness of every citizen:**
**Earthquake-resilient Nepal is our shared responsibility !**

## औषधि जन्य सामाग्रिहरुको Quantification तथा Forecasting कार्यक्रम

मिति २०८२/१२/८ र ९ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा औषधी जन्य सामाग्रिहरुको Quantification तथा Forecasting कार्यशाला सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वस्थ्य प्रशासक प्रविण शर्माको अध्यक्षता

मा सम्पन्न भएको कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय लमजुङका तथ्यांक अधिकृत लेखनाथ उपाध्याय, तथा प्रदेश जनस्वास्थ्य कार्यालय बागलङका देव प्रकाश घिमिरेले सहजिकरण गर्नुभएको थियो। कार्यक्रममा बागलुङका दशवटै स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो।






## Continue Public Health Education (CPHE) कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१२/०९ गते Continue Public Health Education (CPHE) कार्यक्रम अन्तर्गत बागलुङ जिल्लाका स्थानिय तहका स्वास्थ्य शाखा प्रमुखको उपस्थिती मा Measles outbreak and its management in Dhorpatan municipality शिर्षकमा सेसन संचालन गरिएको छ। प्रदेश जनस्वास्थ्य कार्यलय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीले सहजीकरण गर्नुभएको उक्त सेसनमा हालै ढोरपाटन नगरपालिकामा भएको दादुरा संक्रमण र यसको रोकथामका प्रयास, अन्य स्थानिय तहले संचालन गर्नुपर्ने कार्यक्रम र एवम संभावित दादुराका लक्षण देखिएका बिरामी आएमा अपनाउनुपर्ने प्रोटोकल सम्बन्धी जानकारी प्रदान गरिएको थियो।



## दादुराको खोप अभियान तथा CICT (Case Investigation and Contact Tracing)कार्यक्रम

ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा रोगको महामारी रोकथाम तथा नियन्त्रणको लागि यहि मिति २०८२/११/२९ गतेदेखि मिति २०८२/१२/०५ गते सम्म १० देखि १९ बर्ष उमेर समूहका लक्षित समूहलाई संचालित दादुरा रोग महामारी प्रतिकार्य खोप अभियान सफलतापूर्वक सम्पन्न भएको छ । उक्त खोप अभियानमा ढोरपाटन नगरपालिकाका ९ वटै वडाका संस्थागत र बाह्य गरी ५७ वटा खोप केन्द्रमा ९३ जना स्वास्थ्यकर्मी र १८६ जना स्वयंसेवक परिचालन गरीएको थियो भने १० देखि १९ बर्ष उमेर समूहका ६१३० जनालाई दादुरा रोग विरुद्धको खोप लगाईएको थियो ।उक्त महामारीमा दादुरा संक्रमितहरुको व्यवस्थापन ढोरपाटन नगरपालिका अन्तर्गतको बोबाङ स्वास्थ्य चौकी र बुर्तिबाङ प्रादेशिक अस्पतालबाट गरीएको थियो ।

दादुरा रोगको महामारी प्रतिकार्य खोप अभियानको साथै संघ, प्रदेश र स्थानीय तह र साझेदार संस्था WHO, UNICEF को टोलीद्वारा खोप कार्यक्रमको अनुगमन, सहजिकरण, द्रुत सुलभ सर्वेक्षण, संक्रमितहरुको खोजपड्ताल एवं निगरानी गर्नुको साथै कन्टयाक्ट ट्रेसिङ गरीएको थियो साथै **Continue Public Health Education** कार्यक्रम अन्तर्गत दशवटै स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई दादुरा रोगको प्रकोप र व्यवस्थापन विषयक सेसन संचालन गरीएको थियो ।







## विश्व क्षयरोग दिवसको अवसरमा पत्रकार अन्तरक्रिया कार्यक्रम

मिति २०८२/१२/१० गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा विश्व क्षयरोग दिवसका अवसरमा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वस्थ्य प्रशासक प्रविण शर्माको अध्यक्षता, जनस्वास्थ्य अधिकृत समिता घिमिरेको संचालन तथा वरिष्ठ क्षयकुश्ठ निरीक्षक देव प्रकाश घिमिरेको सहजिकरणमा सम्पन्न भएको थियो। कार्यक्रममा बागलुङका विभिन्न संचार माध्यमका संचारकर्मिहरुको उपस्थिति रहेको थियो। कार्यक्रम मार्फत सम्पुर्ण संचारकर्मिलाई क्षयरोग सम्बन्धी जनचेतनामुलक कार्यक्रम प्रशारण तथा प्रकाशन गरी क्षयरोग पहिचान निदान र उपचार र रोकथामका बारेमा जानकारी दिन अनुरोध गरिएको थियो।





## स्थायि बन्ध्याकरण शिविर अगावै अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना गलकोट नगरपालिका र बरेङ गाउँपालिकाको समन्वयमा सञ्चालन भएको "स्थायी बन्ध्याकरण शिविर अगावै अन्तरक्रिया कार्यक्रम" मिति २०८२।१२।१५ गतेका दिन गलकोट नगरपालिका र बरेङ गाउँपालिकामा सम्पन्न गरिएको छ। गलकोट नगरपालिकामा सम्पन्न गरिएको कार्यक्रममा गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेको अध्यक्षता रहेको थियो भने कार्यक्रमको सञ्चालन अस्पताल नर्सिङ निरिक्षक रिमा वोसेलले गर्नु भएको थियो। उक्त स्वागत मन्तव्य रामेश्वर शाहले राख्नु भएको थियो भने कार्यक्रमको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङकी जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले गर्नु भएको थियो। त्यसैगरी बरेङ गाउँपालिका हुग्दिशिर स्वास्थ्य चौकीमा सञ्चालन गरिएको कार्यक्रममा बरेङ गाउँपालिका स्वास्थ्य शाखा प्रमुख पदम बहादुर पुनको अध्यक्षता रहेको थियो भने कार्यक्रमको सञ्चालन तथा सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयको सिनियर मलेरिया इन्स्पेक्टर कमला थापाले गर्नु भएको थियो ।






## Continue Public Health Education (CPHE) कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१२/१६ गते "विभिन्न खोप अभियान अनुगमनबाट प्राप्त सिकाई र सुधारका पक्ष" शिर्षकमा Continue Public Health Education सेशन संचालन गरिएको छ। सेशनको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीले गर्नुभएको थियो भने सेशनमा २३ जनाको सहभागीता रहेको थियो। सेसनमा खोप अभियानमा विशेष रुपमा ध्यान दिनुपर्ने पक्ष वाह्य खोपकेन्द्रको व्यवस्थापन, विद्यालयसङ समन्वय, अभिलेखिकरण, सम्भावित AEFI management को प्रकृयाबारे छलफल गरिएको थियो।

साथै मिति २०८२/१२/१७ गते संचालित अर्को सत्र "हिंसा प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श" शिर्षकमा सम्पन्न गरिएक्क थियो। "खुसी मन" संस्था अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ता श्री शिलशिला श्रेष्ठले उक्त सेशन सहजीकरण गर्नुभएको थियो। उक्त शेसनमा हिंसा प्रभावित व्यक्तिलाई आवश्यक परामर्श, सहयोग एवम पुनर्स्थापना विषयमा छलफल गरिएको थियो।





## स्वास्थ्यकर्मिका लागि एकद्धार संकट व्यवस्थापन (OCMC) कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१२/१६ गते र १७ गते स्वास्थ्यकर्मीका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका तथा बरेङ गाउँपालिकाका २२ जना सहभागीता रहेको उक्त कार्यक्रममा लैङिक हिंसा, हिंसाका प्रकार, लैङिक हिन्शा विरुद्धका कानुनी व्यवस्था एवम एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मार्फत प्रदान गरिने सेवा सम्बन्धी अभिमुखिकरण गरिएको थियो। कार्यक्रमको औपचारिक सत्रको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख जनस्वास्थ्य प्रशासक श्री प्रवीण शर्माले गर्नुभएको थियो भने स्वागत तथा उद्देश्य मन्तव्य जनस्वास्थ्य अधिकृत श्री टिकाराम भण्डारीले गर्नुभएको थियो। कार्यक्रममा सहजीकरण धौलागिरी अस्पतालका मेडिकल अधिकृत एवम OCMC focal person श्री सन्दीप के.सी , प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे, बागलुङ नगरपालिकाका महिला तथा बालबालिका शाखाका अधिकृत श्री रचना आचार्य एवम अधिवक्ता श्री गिता श्रीसले गर्नुभएको थियो। कार्यक्रमको अन्तिम सत्रमा सहभागी द्वारा कार्ययोजना निर्माण गरि विभिन्न कार्यक्रम मार्फत OCMC सम्बन्धी सचेतना, हिंसापिडितको पहिचान तथा प्रेषण गर्ने प्रतिबद्धता समेत जनाईएको थियो।

नेपाल सरकार मार्फत हाल ७७ वटा जिल्लाका ९४ वटा OCMC site स्थापना गरि हिंसामा परेका व्यक्तिलाई निःशुल्क उपचार, मनोसामाजिक परामर्श, अल्पकालिन आवास, सुरक्षा, निःशुल्क कानुनी उपचार तथा हिंसाको प्रकृति हेरेर विभिन्न किसिमले पुनर्स्थापना गराउने व्यवस्था गरिको छ। बागलुङ जिल्लामा रहेको धौलागिरी प्रादेशिक अस्पतालमार्फत जिल्लामा यो सेवा प्रदान गरिदै आएको छ। यसका साथै बागलुङ नगरपालिकाले जिल्लास्तरिय अल्पकालिन महिला सेवा केन्द्र स्थापना गरी हिंसामा परेका व्यक्तिलाई एकद्वार संकट व्यवस्थापन केन्द्रसंग जोडनुका साथै समुदायमा पुनर्स्थापना हुनुपुर्व अल्पकालिन रुपमा खाना एवम आवासको व्यवस्था गरेको छ।






## महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि १० दिने आधारभूत तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना जैमिनि नगरपालिकाको समन्वयमा मिति २०८२/१२/०८ गते देखि सञ्चालन भएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि १० दिने आधारभूत तालिम मिति २०८२।१२।१७ गतेका दिन सम्पन्न भएको छ।कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका लेखा अधिकृत उदय शर्मा, जैमिनि नगरपालिका जनस्वास्थ्य निरिक्षक तिर्थ पौडेल, जनस्वास्थ्य अधिकृत गणेश पौडेल,सर्कुवा स्वास्थ्य चौकी प्रमुख जनस्वास्थ्य निरिक्षक डिल बहादुर थापा सहित जैमिनि नगरपालिका भित्रका १,२,४ र ५ नं वडाहरुबाट आधारभुत तालिम लिन बाँकी १४ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेवीकाहरूको उपस्थिति रहेको थियो। यस १० दिने आधारभूत तालिम कार्यक्रम पश्चात् महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले आफ्नो समुदाय तथा अन्य निकायमा गर्नुपर्ने काम कर्तव्य तथा भूमिकाहरू प्रभावकारी ढंगले गर्न सक्ने गरि उनीहरूको सीप तथा क्षमता विकास गर्ने उद्देश्यले यस तालिमको सञ्चालन गरिएको छ।






## फेरि भेटौला कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा प्रदेश जनस्वास्थ्य कार्यालय र बागलुङ जिल्लाका स्थानिय तहका स्वास्थ्य शाखा प्रमुखहरुको समउपस्थितीमा हालै सेवा निवृत हुनुभएका जैमिनि नगरपालिका स्वास्थ्य शाखा प्रमुख गोविन्द आचार्य सरको फेरि भेटौला कार्यकरम सम्पन्न भएको छ। स्वास्थ्य क्षेत्रमा सरले पुराउनु भएको योगदान प्रति उच्च सम्मान सहित हार्दिक आभार प्रकट गर्दछौं।






## परिवार योजनाको शिविर

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा जिल्लास्थित विभिन्न स्थानिय तहहरूको समन्वय तथा सुनौलो परिवार नेपालको प्रविधिक सहयोगमा बागलुङ जिल्लाका दुई स्थानिय तहमा परिवार योजनाको शिविर सम्पन्न गरिएको छ। मितिः २०८२/१२/२१ गतेका दिन गलकोट नगर अस्पतालमा सञ्चालन भएको शिविरमा स्थायी बन्ध्याकरण मिनिल्याप ४,भ्यासेक्टोमि ८ जना र लामो अवधिको साधन आयू.सि.डी ४ गरि १६ जना ले सेवा लिनु भएको थियो भने २०८२/१२/२३ गतेका दिन हुग्दिशिर स्वास्थ्य चौकी बरेङमा सञ्चालन भएको शिविरमा स्थायी बन्ध्याकरण मिनिल्याप ३,भ्यासेक्टोमि २ जना र सुरक्षित गर्भपतन १ गरि ६ जनाले सेवा लिनु भएको थियो।






**घरपरिवारको निरन्तर साथ र सहयोगले तनाव कम गर्न सहयोग पुऱ्याउँछ । परिवारका सदस्यहरूलाई स्वस्थ जीवनशैली अपनाउन हौसला प्रदान गरौं ।**

## स्तनपान परामर्शदाताहरुको लागि ३ दिनको तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१२/२२ देखि २४ गते सम्म स्तनपान परामर्शदाताहरुको लागि ३ दिनको तालिम सम्पन्न भएको छ । प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत टिकाराम भण्डारीको अध्यक्षता रहेको उक्त कार्यक्रममा ढोरपाटन नगरपालिकाका जनस्वास्थ्य अधिकृत भुमिश्वर शर्मा अतिथि रहनु भएको थियो भने बागलुङ जिल्ला अन्तर्गतका ५ वटा स्थानीय तहका बर्थिङ सेन्टर तथा बुर्तिवाङ अस्पतालमा कार्यरत १७ नर्सिङ कर्मचारीहरुको सहभागिता रहेको थियो । प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा ढोरपाटन नगरपालिकाका जनस्वास्थ्य अधिकृत भुमिश्वर शर्माले कार्यक्रमको उद्देश्यको बारेमा प्रकाश पार्नु भएको थियो भने बुर्तिवाङ अस्पतालका अस्पताल नर्सिङ निरिक्षक पार्वती अर्याल र ढोरपाटन नगरपालिकाका पव्लिक हेल्थ नर्स सरिता बि.क. ले ३ दिन सम्म सहजिकरण गर्नु भएको थियो ।





## CPHE (Continue Public Health Education)

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१२/२३ गतेका दिन ढोरपाटन नगरपालिकाको सभाहलमा CPHE (Continue Public Health Education) अन्तर्गत बिभिन्न स्थानिय तहमा कार्यरत नर्सिङ कर्मचारीहरुको सहभागितामा उत्तर प्रसुती डिप्रेसन सम्बन्धि कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले सञ्चालन गर्नु भएको थियो भने ढोरपाटन नगरपालिकाका जनस्वास्थ्य अधिकृत भुमिश्वर शर्माले प्रस्तुतिकारण तथा सहजिकरण गर्नु भएको थियो ।






# पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धि अभिमुखिकरण

प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा मिति २०८२/१२/२६ र २७ गते दुइ दिने पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले सञ्चालन गर्नुभएको कार्यक्रममा जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत टिकाराम भण्डारीले अध्यक्षता गर्नुभएको थियो भने जनस्वास्थ्य अधिकृत सुमा कुवँरले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । १० वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र पोषण फोकल पर्सनहरुको सहभागिता रहेको कार्यक्रममा स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री बनाउनका लागि पुर्व तयारी, तथा प्रक्रिया र सूचक प्राप्तिका विषयमा गण्डकी प्रदेश निति तथा योजना आयोग, बहुक्षेत्रीय पोषण कार्यक्रमका प्रदेश संयोजक रुबी जोशीले सहजिकरण गर्नुभएको थियो ।







# बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा फागुन महिनामा सम्पादित कार्यक्रम

## बागलुङ नगरपालिका

- स्वास्थ्य कार्यक्रमहरूको डाटा भेरिफिकेसन तथा मासिक समीक्षा बैठक ।
- SORMAS सम्बन्धी अभिविकीकरण कार्यक्रम ।
- बालरोगको एकीकृत व्यवस्थापन रिफ्रेसर तालिम ।
- गर्भवती तथा सुत्केरी अभिलेखीकरणका लागि स्वास्थ्यकर्मीहरूलाई तालिम ।
- जेष्ठ नागरिक स्वास्थ्य परीक्षण ।
- असल खानपान सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।
- आयोडिन सचेतना कार्यक्रम ।
- क्षयरोग सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम ।
- आमाको दूध प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण ऐन २०४९ बजार अनुगमन कार्यक्रम ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।
- क्षयरोग कार्यक्रम अन्तर्गत दुर्गम एवंम लक्षित वर्गमा सक्रिय क्षयरोगको खोजपडताल गर्न AI x-ray द्वारा screening शिविर ।




## गलकोट नगरपालिका

- सुनौला हजार दिनका आमा तथा सासुहरुमा पोषण प्रवर्धनको बारेमा अभिमुखिकरण तथा पोषण लेखाजोखा कार्यक्रम ८ वटा वडामा सम्पन्न ।
- किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तारका लागि जनप्रतिनिधी, स्वास्थ्यकर्मी, शिक्षक, विद्याथी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका लगायत सरोकारवालाहरुमा १ दिने अभिमुखिकरण कार्यक्रम हटिया र दुदिलाभाटी स्वास्थ्य चौकीमा सम्पन्न ।
- क्षयरोगका सम्भावित विरामीहरुको खकार नमुना सङ्कलन कार्यक्रमका लागि स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका तयारी बैठक कार्यक्रम ।
- दुदिलाभाटी स्वास्थ्य चौकी अन्तर्गतका व्यवस्थापन समितिको क्षमता अभिवृद्धीका लागि २ दिने HFOMC तालिम ।
- स्वास्थ्यकर्मीहरुका लागि मानसिक मनोसामाजिक परामर्शकर्ता सम्बन्धी ४ दिने २३ जना स्वास्थ्यकर्मीको लागि तालिम सम्पन्न ।
- विश्व क्षयरोग दिवसको अवसरमा आयोजित मनेवामा जनचेतनामुलक कार्यक्रम ।
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा गलकोट नगर अस्पतालमा स्थायी बन्ध्याकरण शिविर तथा परिवार नियोजन सेवा विश्व स्वास्थ्य दिवसको अवसरमा आयोजित स्वास्थ्यकर्मी स्तरिय मैत्रीपूर्ण फुटवल प्रतियोगिता तथा म्युजिकल चियर प्रतियोगिता सम्पन्न ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविका लागि मानसिक मनोसामाजिक परामर्शकर्ता सम्बन्धी ४ दिने तालिम प्राप्त स्वास्थ्यकर्मीबाट अभिमखिकरण।

## जैमिनी नगरपालिका

- फागुन महिनाको मासिक प्रगति समीक्षा डाटा भेरिफिकेसन तथा भ्यालिडेसन।
- पुर्ण खोपको दिगोपनाका लागि घरधुरि सर्वेक्षण सबै वडामा सम्पन्न ।
- म सा स्वा सेविकाको १० दिने आधारभुत तालिमको (प्रदेश जन स्वा को आयोजना तथा जैमिनि नगरपालिकाको समन्वयमा )
- जैमिनि ७ जैदि स्वा चौकिमा GMC कोप्रा सहयोगमा विशेषज्ञ स्वा शिविर -२२९ जनाले सेवा लियका।
- नियमित खोप कार्यक्रमको सुक्ष्मयोजना अद्यावधिक।
- औषधि खरिदका लागि दोस्रो पटक Bidding. ७.KPHC मा १२/६मा धौलागिरि प्रादेसिक अस्पताल सगकोसहकार्यमा विशेषज्ञ सेवा तथा १२/७ मा आँखा स्क्रिनिङ शिबिर।
- क्षयरोग दिवशको दिनमा म स्वा से लाई अभिमुखिकरण।

## ढोरपाटन नगरपालिका

- जनताको स्वास्थ्य संग नगर उपप्रमुख कार्यक्रम अन्तरगत २ दिने निशुल्क स्वास्थ्य शिविर ।
- विश्व क्षयरोग दिवशको दिन सचेतनामुलक कार्यक्रम। स्मुदाय स्तरमा क्षयरोगको स्कृय खोजपडताल तथा नमुना संकलन कार्यक्रम ।
- खानेपानीको स्वच्छता परिक्षण ।
- वृद्द तथा असक्तहरुकोलागी सहायता लठ्ठी वितरण । मासिक वैठक तथा डाटा भेरिफिकेशन ।
- दादुरा रोगको उपचार तथा सम्पर्क परिक्षण ८.साथ कार्यक्रमको फलोअप।




## निसिखोला गाउँपालिका

- मासिक समिक्षा बैठक ।
- IMNCI onside coaching
- MSS कार्यक्रम सन्चालन ।
- पुर्ण खोप वडा घोषणा ।
- दादुरा , क्षयरोग सम्बन्धि बिधालय तथा समुदाय स्तरीय स्वास्थ्य शिक्षा ।
- स्वास्थ्य सस्था अनुगमन तथा सुपरिबेक्षण।
- देविस्थान, निसी स्वास्थ्य चौकीमा गर्भवती का लागि RUSG सन्चालन ।

## बडीगाड गाउँपालिका

- २०८२ फागुन महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको स्वास्थ्य संस्था प्रमुखहरुसँग मासिक समीक्षा बैठक संचालन ।
- विश्व क्षयरोगको दिन समुदाय स्तरमा सचेतना एंवम क्षयरोगको सकृय खोजपडताल, नमुना संकलन ।
- एकिकृत जनस्वास्थ्य अभियान अन्तगर्त एकिकृत घुम्ति स्वास्थ्य सेवा संचालन ।
- गर्भवतीहरुका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन ।
- रणसिहकिटेनी स्वास्थ्य चौकीलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको ।
- विधालय एंवम समुदायमा दादुरा रोग सम्बन्धि स्वास्थ्य शिक्षा संचालन ।

- विश्व स्वास्थ्य दिवशको अबसरमा बडिगाड गाउँपालिका स्तरिय मैत्रीपुर्ण ब्याडमिन्टन प्रतियोगिता एवम खेलाडीहरुको स्वास्थ्य परिक्षण गरिएको ।

## काठेखोला गाउँपालिका

- मासिक समीक्षा तथा डाटा भेरिफिकेशन एवं भ्यालिडेशन कार्यक्रम संचालन • क्षयरोग दिवस तथा समुदाय स्तरमा सक्रिय खोजपड्ताल तथा नमुना संकलन ।
- पाला स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड (MSS) को फ्लोअप गरीएको ।
- महामारी तथा विपद प्रतिकार्य टोलीको बैठक ।
- सरोकारवालाहरुका लागि क्षयरोगको समुदायस्तरीय अभिमुखिकरण कार्यक्रम ।
- वडा १ र ६ मा परिवार नियोजनको स्याटेलाइट क्याम्प संचालन ।
- वडा नं ७ रेश स्वास्थ्य चौकीमा क्षयरोगको पहिचान निदानका लागि AI X-ray शिविर संचालन ।
- जनप्रतिनिधी तथा सरोकारवालाहरुकालागि OCMC सम्बन्धी अभिमुखिकरण कार्यक्रम ।

## बरेङ गाउँपालिका

- बाटाकाचौर स्वास्थ्यचौकीमा मासिक समिक्षा, डाटा भेरिफिकेसन तथा भ्यालिडेसन।
- समुदाय स्तरमा आत्महत्या रोकथाम तथा मानसिक स्वास्थ्य प्रवर्द्धन सम्बन्धि अभिमुखिकरण
- सबै स्वास्थ्यचौकीहरुमा ३३ जना गर्भवती महिलाहरुको भिडियो एक्स रे।
- स्वास्थ्य संस्थाहरुमा नियमित औसधि वितरण
- हुग्दिशिर स्वास्थ्यचौकीमा प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा परिवार योजना शिविर।

## तमानखोला गाउँपालिका

- स्वास्थ्य संसस्थाहरूले फागुन महिनामा सम्पादित कार्यक्रमहरुको मासिक समीक्षा , डाटा भेरिफिकेसन तथा भ्यालिडेसन ।
- तमान स्वास्थ्य चौकीको एकिकृत अनुगमन तथा पृष्ठपोषण।
- पूर्णखोप सुनिश्चितताको लागि घरधूरी सर्वेक्षण ।
- दादुरा महामारी नियन्त्रणका लागि सम्पर्क परीक्षण, नमूना सङ्कलन तथा सचेतना कार्यक्रम ।
- स्वास्थ्य आमा समूहका सदस्यहरुलाई पोषण सम्बन्धी अभिमूखिकरण

## ताराखोला गाउँपालिका

- किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको लेखाजोखा कार्यक्रम।
- निशुल्क ग्रामीण भिडियो एक्सरे कार्यक्रम सम्पन्न।
- स्थानिय शासन कार्य सम्पादन मूल्याङ्कन कार्यक्रम ।
- HIV संक्रमितहरूलाई पोषण तथा सरसफाई सामग्री वितरण।
- HIV स्क्रिनिङ कार्यक्रम सम्पन्न ।
- दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन प्रस्तुत अन्य नियमितकार्यक्रमहरू सम्पन्न ।

**धूम्रपान तथा सुर्तीजन्य पदार्थको लत त्यागन**
**परामर्श सेवाको लागि**

# हेल्प लाईन ११३२


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
World Health Organization
Nepal
क्षयरोगसम्बन्धी लाञ्छना तथा विभेदले मानिसहरूलाई
आवश्यक र गुणस्तरीय उपचारको पहुँचबाट रोक्छ ।
हो ! हामी क्षयरोग अन्त्य गर्छौं ।
राष्ट्रिय अभियान, हाम्रो योगदान ।
विश्व क्षयरोग दिवस २०२६
क्षयरोगसँग जोडिएको लाञ्छना तथा विभेद अन्त्य गरौं !


क्षयरोग
निको हुने
रोग हो ।
लक्षणहरु बारे थाहा पाऔं ।
समयमै परीक्षण गराऔं ।
सिफारिस गरिएको उपचार पूरा गरौं ।
हो ! हामी क्षयरोग अन्त्य गर्छौं ।
राष्ट्रिय अभियान, हाम्रो योगदान ।
विश्व क्षयरोग दिवस २०२६
World Health Organization
Nepal
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र


औषधी प्रतिरोधी–क्षयरोगको
उपचार अब पहिलेभन्दा
सहज भएको छ ।
हाल:
उपचार अवधि ६ महिना रहेको
कम औषधी (प्रकार र मात्रा) सेवन
सुई लगाउनु नपर्ने
हो ! हामी क्षयरोग अन्त्य गर्छौं ।
राष्ट्रिय अभियान, हाम्रो योगदान ।
विश्व क्षयरोग दिवस २०२६
World Health Organization
Nepal
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
World Health Organization
Nepal
क्षयरोगको संक्रमण (Latent TB) लाई
रोगमा परिणत हुनबाट रोक्न सकिन्छ ।
त्यसको लागि:
१. आफू जोखिममा भए/नभएको थाहा पाऔं ।
२. परीक्षण गराऔं ।
३. क्षयरोग लाग्न नदिन सिफारिस गरिएको उपचार पूरा गरौं ।
हो ! हामी क्षयरोग अन्त्य गर्छौं ।
राष्ट्रिय अभियान, हाम्रो योगदान ।
विश्व क्षयरोग दिवस २०२६


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
World Health Organization
Nepal
क्षयरोग निदानका लागि
द्रुत परीक्षण सेवा
उपलब्ध छ ।
जनसंख्या
समयमै रोगको निदान सफल
उपचारका लागि महत्वपूर्ण कदम हो ।
हो ! हामी क्षयरोग अन्त्य गर्छौं ।
राष्ट्रिय अभियान, हाम्रो योगदान ।
विश्व क्षयरोग दिवस २०२६




## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः वैशाख १, २०८३